# उर्लाबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# उर्लाबारी, मोरङ ।

**सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, उर्लाबारीले सार्वजनिक गरेको सूचना सम्बन्धि विवरण :**

**आ.व. २०८१/०८२ को साउन देखि चैत्र मसान्तसम्मको विवरण :**

## (१) निकायको स्वरूप र प्रकृति :

मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट करिब ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित उर्लाबारी नगरपालिकालाई नेपाल सरकारको मिति २०७१/०१/२५ गतेको निणर्यानुसार नगरपालिकाको रुपमा घोषणा भई तत्पश्चात नेपाल सरकारको मिति २०७३/११/२७ को पुर्नसंरचनाको निर्णयानुसार साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स र साविक मधुमल्ला गा.वि.स. को वडा ७, ८ र ९ समायोजन भई उर्लाबारी नगरपालिकाको रुपमा कार्यान्वयन एक नगरपालिका हो । मोरङ जिल्लाकै नमूना नगरको रुपमा परिचिति हुन उन्मुख रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिम क्षेत्रमा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ भने यस नगरपालिकाको क्षेत्रफल भने ७४.६२ वर्ग कि.मि. रहेको छ । समुद्री सतहबाट २६.६७ डिग्रि उत्तरी अक्षांश तथा ८७.६१ डिग्री पूर्वी देशान्तर भूभागमा यस नगर पालिका अवस्थित रहेको पाइन्छ । राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार यस नगरमा ७०,९०८ जनसंख्या मध्ये ५३ प्रतिशत महिला र ४७ प्रतिशत पुरुष सहित १७६५० घरपरिवार रहेको पाइन्छ । अधिकांश भू-भाग खेतियोग्य जमिन भएता पनि बढ्दो सहरीकरणले यस क्षेत्रको विकासमा व्यवस्थित योजना बनाई कार्य गर्नुपर्ने जरुरी भएको अवस्था छ । सन्थाल भाषाको दुई शब्दहरु उर्ला (बाघ) र वाडि (ठाउँ) अथवा बाघ बस्ने ठाउँको रुपमा परिचित पुरानो जंगल क्षेत्र क्रमिक रुपमा मानिसको बसोवास वृद्धिसँगै नगर क्षेत्रको रुपमा विकसित भएको मान्न सकिन्छ । उर्लाबारी चौकदेखि उत्तर मधुमल्ला हुँदै पाँचथरको रविसम्म जाने बाटो एवं दक्षिणतर्फ सिधा सदरमुकाम पुग्ने बैकल्पिक सडक भएबाट पनि यसको विकासको संभावना प्रचुर मात्रामा देख्न पाइन्छ । बेतिनी सिमसार, बुढा ठाकुर, लामपाते, सुनझोडा सिमसार हुनु र यसको प्रबर्द्धनमा नगरपालिका र स्थानीय स्तरमा भएको प्रयासले उर्लाबारी नगरपालिले पर्यटन विकासमा बढी मात्रामा संभावना बोकेको देखिन्छ । संघीय संरचना अनुसार हाल उर्लाबारी नगरपालिका ९ वटा वडाहरुमा विभाजन गरिएको छ ।

यस नगरपालिका नेपालको संविधान तथा नेपाल सरकारद्वारा जारी स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित नेपालको कानून तथा यस नगरपालिकाद्वारा पारित ऐन, नियम, निर्देशिका तथा अन्य आवश्यक कानूनी व्यवस्था बमोजिम संञ्चालन हुन्छ ।

## (२) निकायको काम, कर्मव्य र अधिकार :

क. नेपालको संविधानको धारा र अनुसूची ८ बमोजिम स्थानीय तहको सरकारले गर्ने कार्यहरु :


- भाग १७ बमोजिम स्थानीय सरकार (कार्यपालिका) सम्बन्धि सम्पूर्ण कार्यहरु
- भाग १८ बमोजिम स्थानीय व्यवस्थापिका सम्बन्धि सम्पूर्ण कार्यहरु
- भाग १९ बमोजिम स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धि सम्पूर्ण कार्यहरु
- भाग २० बमोजिम संघ, प्रदेश र स्थानीय तहबिच अर्न्तसम्बन्धमा स्थानीय तहको दफाहरुमा उल्लेख भएका सम्पूर्ण कार्यहरु
- अनुसूची ८ बमोजिमको अधिकारका सूचिहरु उल्लेख भएका सबै कार्यहरु
- अनुसूची ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकारका सूचिमा उल्लेख भएका र संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको जिम्मेवारीमा आउने सबै कार्यहरु
- उर्लाबारी नगरपालिकाको कार्यपालिका तथा व्यवस्थापिकाबाट पारित भएका सबै ऐन, नियम तथा कार्यविधिहरुले निर्धारण गरेका सम्पूर्ण कार्यहरु
- अन्य स्थानीय सरकारले गर्ने कार्यहरु

ख. नेपाल सरकारद्वारा जारी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदत्त गरेका नगरपालिकाको काम, कर्तव्य र अधिकार बमोजिमका कार्यहरु ।

## (३) निकायको संगठनात्मक तालिका :

नगर सभाबाट स्वीकृत उर्लाबारी नगरपालिकाको संगठन संरचना :

**उर्लाबारी नगरपालिका, मोरङ, नगर कार्यपालिकाको कार्यालयको संगठन संरचना**



## (४) विभिन्न पदहरूको कार्यविवरण :

| क्र.सं. | पदको नाम | कार्य विवरण | कैफियत |
|---|---|---|---|
| १. | नगर प्रमुख | उर्लाबारी नगरपालिका, स्थानीय सरकारको प्रमुख नेतृत्वकर्ता, निर्वाचित जनप्रतिनिधि | |
| २. | नगर उपप्रमुख | उर्लाबारी नगरपालिका, स्थानीय सरकारको उप नेतृत्वकर्ता, निर्वाचित जनप्रतिनिधि | |
| ३. | वडाध्यक्ष | वडाको प्रमुख नेतृत्वकर्ता, निर्वाचित जनप्रतिनिधि | ९ जना |
| ४. | कार्यपालिका सदस्य | कार्यपालिकाको सदस्यको लागि निर्वाचित प्रतिनिधिबाट निर्वाचित जनप्रतिनिधि (दलित वा अल्पसङ्ख्यकबाट) | ३ जना |
| ५. | कार्यपालिका सदस्य | नगर सभासद मध्येबाट कार्यपालिकाको सदस्य निर्वाचित जनप्रतिनिधि (महिलाबाट) | ५ जना |
| ६. | नगर सभा सदस्य | नगरपालिकाको व्यवस्थापिका सभाको सदस्य नीति तथा विधायिकी अधिकार प्राप्त जनप्रतिनिधि | ५० जना |
| ७. | समितिका अध्यक्षहरू<br>१) न्यायिक समिति<br>२) अर्थ तथा सार्वजनिक लेखा समिति<br>३) विधायन समिति<br>४) सामाजिक समिति<br>५) सुशासन तथा स्थानीय सेवा समिति<br>६) कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक स्रोत समिति<br>७) अन्य | नेपालको संविधान, प्रचलित नेपालको कानून तथा प्रचलित उर्लाबारी नगर सरकारको कानून बमोजिम तोकिएका जिम्मेवारीहरू | नगर प्रमुख, उपप्रमुख, वडाअध्यक्ष वा तोकिएको |
| ८. | समितिका पदाधिकारी नगरपालिकाबाट तोकिएका नगर सभासद लगायत अन्य प्रतिनिधिहरू | नेपालको संविधान, प्रचलित नेपालको कानून तथा प्रचलित उर्लाबारी नगर सरकारको कानून बमोजिम तोकिएका जिम्मेवारीहरू | |
| ९. | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका र नगर सभाको सचिव, प्रशासकीय नेतृत्वकर्ता | |
| १०. | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा प्रमुखको कार्य | |
| ११. | ईन्जिनियर | पूर्वाधार विकास सम्बन्धि कार्य | |
| १२. | अधिकृत | सम्बन्धि शाखाको तोकिएको कार्य | |

## (५) निकायबाट प्रदान गरिने सेवा :

**वडा समिति कार्यालय मार्फत सम्पादन हुने कार्यहरू**

- शुरू कार्यालयको सिफारिसको कार्यहरू
- सर्जमिन मुचुल्का सम्बन्धि कार्यहरू
- स्थानीय तहको योजना तर्जुमा कार्यान्वयन तथा अनुगमन
- पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धि कार्यहरू
- तथ्याङ्क संकलन अद्ययावधिक तथा संरक्षण
- वडाका विभिन्न उपभोक्ता हित सम्बन्धि कार्यहरूको क्षमता अभिवृद्धि तथा अनुगमन

**नगरकार्यपालिकाको कार्यालय मार्फत सम्पादन हुने कार्यहरू**

- सामान्य प्रशासन तथा कर्मचारी प्रशासन सम्बन्धि कार्यहरू
- सामाजिक सुरक्षा बालबालिका महिला लगायत लक्षित वर्गका कार्यहरू
- आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि कार्य
- प्राथमिक स्वास्थ्य कार्यहरू
- सहकारी दर्ता नविकरण अनुगमन लगायतका कार्यहरू
- व्यवसाय दर्ता नविकरण लगायतका कार्यहरू
- उपभोक्ता अधिकार संरक्षण सम्बन्धि कार्यहरू
- सूचना सञ्चार सम्बन्धि कार्यहरू
- एफ.एम., स्थानीय पत्रिका सञ्चालन अनुमति सम्बन्धि कार्यहरू
- बजार अनुगमन
- अन्य कार्यहरू

## (६) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी र सम्बन्धित शाखा प्रमुख

| क्र.सं. | शाखा/उपशाखा | कोठा नं. | जिम्मेवारी व्यक्ति |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | २०७ | अभय कुमार गुप्ता |
| | **पहिलो तला** | | |
| २ | पूर्वाधार विकास तथा वातावरण शाखा, योजना उप-शाखा | १०७ | विकास दाहाल |
| ३ | प्राविधिक शाखा | १०४ | इ. पोखराज साह |
| ४ | खरिद तथा सम्पति व्यवस्थापन शाखा | १०५ | नगेन्द्र प्रसाद तिम्सिना |
| ५ | राजश्व संकलन काउण्टर | १०६ | मनिषा बराल |
| ६ | सामाजिक सुरक्षा तथा पञ्जिकरण उप-शाखा | १०३ | हरि चापागाई |

| | | | |
|---|---|---|---|
| ७ | प्राविधिक शाखा | १०८ | रोशन उदास |
| ८ | राजश्व शाखा/ प्रशासन उप-शाखा | १०९ | विकाश दाहाल |
| ९ | हेल्प डेक्स | ११० | तेज कुमारी थापा |
| १० | दर्ता / चलानी | १११ | तेज कुमारी थापा |
| ११ | सहकारी शाखा/संघ सस्था | ११२ | कविता ढुगाना |
| १२ | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | ११३ | चन्द्रकला सुब्बा |
| १३ | कृषि विकास शाखा | ११४ | अम्बिका प्रसाद लुइटेल |
| १४ | शहरी स्वास्थ्य केन्द्र | ११५ | सविना धिमाल |
| १५ | आर्युवेद शाखा | ११६ | इन्दल शाह |
| **दोस्रो तला** | | | |
| १६ | नगर प्रमुखको सचिवालय | २०२ | |
| १७ | कानून शाखा | २०३ | मनिषा बराल |
| १८ | न्यायिक समिति इजलास | २०४ | |
| १९ | आर्थिक प्रशासन शाखा | २०५ | गोविन्द कार्की |
| २० | शिक्षा, युवा तथा खेलकुद शाखा | २०६ | शालिग्राम काफ्ले |
| २१ | भवन तथा बस्ती विकास शाखा | २०८ | इ. हिमांशु देव |
| २२ | सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखा | २०९ | रोशन ठाकुर |
| २३ | सभा हल | २१० | |
| **तेस्रो तला** | | | |
| २४ | शिक्षा, युवा तथा खेलकुद शाखा | ३०१ | अशोक घिमिरे |
| २५ | रोजगार सेवा केन्द्र | ३०२ | विनिता शर्मा |
| २७ | बैठक हल | ३०३ | |
| २८ | स्वास्थ्य शाखा | ३०४ | सुरेश खड्का |
| २९ | आन्तरिक लेखा परीक्षण शाखा | ३०७ | कुबेर प्रसाद ढकाल |

**उर्लाबारी नगरपालिका वडा कार्यालयमा कार्यरत वडा सचिवहरुको विवरणः**

| सि नं | कर्मचारीको नामथर | पद | वडा |
|---|---|---|---|
| १ | रामबहादुर भुजेल | वडा सचिव | १ |
| २ | दिपक गौतम | वडा सचिव | २ |

| | | | |
|---|---|---|---|
| ३ | सम्झना थापा | वडा सचिव | ३ |
| ४ | पवन नेपाल | वडा सचिव | ४ |
| ५ | भावना भट्टराई | वडा सचिव | ५ |
| ६ | बालकुमार बराल | वडा सचिव | ६ |
| ७ | विश्वनाथ दाहाल | वडा सचिव | ७ |
| ८ | चित्राकुमारी बस्नेत | वडा सचिव | ८ |
| ९ | योगराज दाहाल | वडा सचिव | ९ |

## (७) नगर कार्यपालिका र वडाका पदाधिकारीहरूको नामावली :

| सि.नं. | पदाधिकारीहरुको नाम, थर | पद | वडा नं. | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | गंगा प्रसाद खरेल | प्रमुख | | ९८५१०९२३२८ |
| २ | मिना कुमारी खतिवडा | उप–प्रमुख | | ९८४२२९०६८५ |
| ३ | तिलक कुमार पाण्डे | वडाध्यक्ष | १ | ९८१६३५०७६९ |
| ४ | टिका भुजेल | सदस्य | १ | ९८१५३८५४५० |
| ५ | सन्तकुमारी विश्वकर्मा | सदस्य/ कार्यपालिका सदस्य | १ | ९८२४३७२८२७ |
| ६ | गणेश कुमार माझी | सदस्य | १ | ९८१७३६५६२२ |
| ७ | गौरी शंकर दहाल | सदस्य | १ | ९८१३९७४७१३ |
| ८ | कुमार कडेल | वडाध्यक्ष | २ | ९८५२०४४८३१ |
| ९ | सिता बुढाथोकी | सदस्य/ कार्यपालिका सदस्य | २ | ९८४२२०१६४५ |
| १० | हेम कुमारी नेपाली | सदस्य | २ | ९८१९०००५३२ |
| ११ | नर बहादुर धिमाल | सदस्य | २ | ९८१८१३५३८४ |
| १२ | रुद्र बहादुर धिमाल | सदस्य | २ | ९८११३८०२४६ |
| १३ | भिष्मराज बुढाथोकी | वडाध्यक्ष | ३ | ९८४२१३५२२२ |
| १४ | ज्योति धिमाल | सदस्य | ३ | ९८१०५५६३५० |
| १५ | कृष्ण कुमारी विश्वकर्मा | सदस्य | ३ | ९८१९३३६३०३ |
| १६ | मित्र प्रसाद ढकाल | सदस्य | ३ | ९८५२०२३६२९ |
| १७ | कृष्ण कुमार थापा | सदस्य | ३ | ९८५२६७६६७३ |
| १८ | कल्याण कुमार राई | वडाध्यक्ष | ४ | ९८५२०२९२३७ |

| | | | | |
|---|---|---|---|---|
| १९ | कृष्ण माया कडरिया | सदस्य/ कार्यपालिका सदस्य | ४ | ९८४२०२४२५१ |
| २० | अमृता नेपाली | सदस्य | ४ | ९८१०५९७८२९ |
| २१ | सुरेन्द्र न्यौपाने | सदस्य | ४ | ९८४२३४८८९८ |
| २२ | शेखरनाथ दाहाल | सदस्य | ४ | ९८५२०४२२०७ |
| २३ | रविन लामा | वडाध्यक्ष | ५ | ९८००९१३२६१ |
| २४ | देवी कला राई | सदस्य | ५ | ९८४२३७५९६५ |
| २५ | रामकुमारी वि.क. | सदस्य | ५ | ९८०४०९५३२३ |
| २६ | सुरेश आचार्य | सदस्य | ५ | ९८०७३०७५३० |
| २७ | विनोद धिमाल | सदस्य | ५ | ९८२५३७२२५८ |
| २८ | चिन्तामणी पौडयाल | वडाध्यक्ष | ६ | ९८४२०३४०२२ |
| २९ | दुर्गावती लिम्बु सुब्बा | सदस्य | ६ | ९८४२०७९३९४ |
| ३० | पवित्रा विश्वकर्मा | सदस्य | ६ | ९८२९३२४३६९ |
| ३१ | मानबहादुर धिमाल | सदस्य | ६ | ९८०४०१०५४० |
| ३२ | बम बहादुर श्रेष्ठ | सदस्य | ६ | ९८४२११६८०३ |
| ३३ | उर्मिला थापा | वडाध्यक्ष | ७ | ९८४२१३०७९९ |
| ३४ | मनमाया तामाङ | सदस्य/ कार्यपालिका सदस्य | ७ | ९८४२०६९०१७ |
| ३५ | मञ्जु परियार | सदस्य | ७ | ९८०५३४३०५२ |
| ३६ | सुमन कार्की | सदस्य | ७ | ९८१४३७०५९२ |
| ३७ | सन्तोष निरौला | सदस्य | ७ | ९८४१८१८३९७ |
| ३८ | कुलबहादुर कार्की | वडाध्यक्ष | ८ | ९८४२१८८२७७ |
| ३९ | चन्द्रा डाँगी | सदस्य | ८ | ९८०४०५८८४७ |
| ४० | कल्पना कामी रोक्का | सदस्य/ कार्यपालिका सदस्य | ८ | ९८०४३६५४५३ |
| ४१ | डम्बर बराल | सदस्य | ८ | ९८४२१८८३५७ |
| ४२ | रुद्र प्रसाद लामिछाने | सदस्य | ८ | ९८४२१७९६०९ |
| ४३ | नर बहादुर मोक्तान | वडाध्यक्ष | ९ | ९८४२२००९४६ |
| ४४ | विमला लिम्बु | सदस्य | ९ | ९८०१४४३३८८ |
| ४५ | सावित्रा विश्वकर्मा | सदस्य | ९ | ९८२९३७०२०६ |

| | | | | |
|---|---|---|---|---|
| ४६ | गणेश बहादुर किम्दाङ राई | सदस्य | ९ | ९८१७३६६७१० |
| ४७ | प्रकाश कन्दङवा | सदस्य | ९ | ९८१९३०९१५२ |
| ४८ | कृष्ण बहादुर बर्देवा | कार्यपालिका सदस्य | | ९८४२०४३५६९ |
| ४९ | डम्बर बहादुर भुजेल | कार्यपालिका सदस्य | | ९८०५३५७४५५ |
| ५० | सुनिल धिमाल | कार्यपालिका सदस्य | | ९८१६३२८८४९ |

## (८) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

सेवा प्राप्त गर्ने प्रकृया तथा दस्तुर र अवधि यस कार्यालयको बडापत्रमा उल्लेख भएको र सो बमोजिमका कार्यहरू र सोको शुल्क सेवा प्राप्त गर्न लाग्ने अवधि बडापत्रमा राखिएको, कार्यालयको वेभसाइट www.urlabarimun.gov.np बाट डाउनलोड गर्न सकिने । हाले नयाँ संघीय संरचना बमोजिम बडापत्र तयार गर्ने क्रममा रहेको ।

## (९) निर्णय गर्ने प्रकृया र अधिकारी :

निर्णय गर्ने प्रकृया र अधिकारी निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| नगर सभा | नगरको ऐन, नियम, कार्यविधि लगायतका कानून योजनाको स्वीकृति लगायत |
| नगर कार्यपालिका | ऐन बमोजिमका कार्यहरू |
| नगर प्रमुख | |
| नगर उप-प्रमुख | |
| प्रमुख प्रशासकीय अधिकृत | |
| शाखा प्रमुख | |
| वडा समिति | |
| वडा अध्यक्ष | |

## (१०) निर्णय उपर उजुरी सुन्ने अधिकारी :

नगरको कानूनी विषय, योजना निर्णय उपर : नगर प्रमुख

प्रशासनिक कार्य उपर उजुरी : प्रमुख प्रशासकीय अधिकृत

## (११) यस कार्यालयबाट सम्पादन गरेको विवरण (आ. व. २०८१/०८२ साउन देखि चैत्र मसान्तसम्मको विवरण )

(क) प्रशासन तथा संस्थागत विकास तर्फः

- हालसम्ममा ११ वटा नियमित तथा २ वटा बिशेष गरि जम्मा १३ वटा नगरसभा अधिवेशन सम्पन्न भएका छन् ।
- हाल सम्म १२९ वटा कार्यपालिका बैठक बसेको जसमध्ये तेस्रो त्रैमासिक अवधिमा ४ वटा कार्यपालिका बैठक बसेको ।
- नगर कार्यपालिकाको कार्यालयमा राखिएको उजुरी तथा सुझाव पेटिका साप्ताहिकरुपमा खोल्ने गरिएको ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्यावधिक गरी कुल दरबन्दी संख्या १८९ स्वीकृत भएकोमा पदपुर्ति संख्या १४१ र रिक्त संख्या ४८ रहेको छ । साथै रिक्त पदमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोग समक्ष पठाईएको ।

(ख) योजना तथा अनुगमन शाखाले गरेका क्रियाकलापहरुको विवरण ।

- उर्लाबारी नगरपालिका वडा नं ३ र २ कृष्ण चैक देखि सुनझोडा सामुदायिक वन सम्मको सडक स्तरोन्तिको कार्य भइरहेको।
- वेतनी सिम्सार स्थित सामुदायिक भवनको सम्झौता अनुसारको नुर्माण कार्य सम्पन्न भएको।
- वडा नं ३ स्थित अपाङ्ग मैत्री भवनको निर्माण कार्य सम्पन्न भएको।
- संघीय सरकारको विशेष अनुदान मार्फत संचालन योजना अन्तरगत विद्यालयहरुको टिनको छाना फेर्ने कार्य सम्पन्न भएको साथै उक्त योजना अन्तरगत भवन निर्माणका कार्यहरु समेत सम्पन्न हुने अवस्थामा रहेको।
- संघिय समपुरक र प्रदेश समपुरक योजना मार्फत संचालन भई रहेको कालोपत्रे निर्माणको योजना संचालन भई रहको।
- कालेपत्र — ६.३९ कि.मि.
- ड्रेन — ४७५ मि.
- ग्राभेल — ६.८८ कि.मि.
- पेमिङ व्लक — ५३८ मि.
- अन्य — ५३ वटा

(ग) सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखाले गरेका क्रियाकलापहरुको विवरण ।

- ई-गभरनेन्सको अवधारणलाई कार्यान्वयनमा ल्याउन साथै नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयको दैनिक कार्य सम्पादन चुस्त, दुरुस्तरुपमा सम्पन्न गर्न सञ्चालनमा रहेको अफिस अटोमेसनलाई अध्यावधिक र थप परिष्कृत गर्दै लगिएको ।
- सुशासन कायम गर्न नगरपालिका र अन्तर्गतका कार्यालयमा विधुतिय हाजिरीको व्यवस्था गरिएको ।

- नगरबाट भए/गरेका काम कारवाहीको अध्यावधिक विवरणलाई नगरवासीलाई सुसूचित गराउन त्रैमासिकरुपमा नगरपालिकाको वेबसाईट मार्फत स्वतः प्रकाशन प्रकाशन गरिदै आएको ।
- नगरपालिकाबाट ठेक्का प्रणालीलाई प्रभावकारी बनाउन E-bid लाई प्राथमिकताका साथ प्रयोगमा ल्याईएको छ ।
- विधुतिय सूचना प्रणाली Web Sms सञ्चालनमा रहेको ।
- नगरपालिका र वडा कार्यालयमा प्रयोगमा आएका कम्प्युटर, प्रिन्टर, सफ्टवेयर लगायतका उपकरणहरुमा आएका समस्याहरुको प्राविधिकरुपमा समाधानका लागि प्रयास गरिदै आएको ।

(घ) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाले गरेका क्रियाकलापहरुको विवरण ।

- ३४ औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस, अपांगता दिवस तथा ११५ औं अन्तर्राष्ट्रिय नारी दिवस मनाइएको
- ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम सम्पन्न
- उद्यम विकास समिति र बाल अधिकार समितिको वैठक कार्यक्रम सम्पन्न
- बालमैत्री स्थानीय शासन र बाल अधिकार समितिको वैठक कार्यक्रम सम्पन्न
- प्रत्येक वडामा गठन भएका महिला समिति अध्यक्ष र सचिव माझ अन्तरक्रिया कार्यक्रम सम्पन्न
- उपमेयरसँग किशोर किशोरी कार्यक्रम सन्चालनमा रहेको
- व्यवसायिक सम्भाव्यता अध्ययन
- ९ वटा वडामा ज्येष्ठ नागरिक समिति गठन
- GESI audit सम्पन्न ।
- सीप विकास तालिम सम्पन्न ।
- अल्जाइमर सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न ।

**अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम तर्फ**

- अपांगता समन्वय समसतस र व्यवस्थापन समितिको वैठक सम्पन्न
- मिलिजुली समूहका लागि बचत तथा ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम सम्पन्न
- अपांगता भएका व्यक्तिहरुका लागि परिचय पत्र वितरण शिविर सन्चालन
- अन्तराष्ट्रिय अपांगता दिवस मनाइएको

**परिचय पत्र वितरण**

- अपांगता परिचय पत्र जम्मा ९० थान वितरण
- ज्येष्ठ नागरिक परिचय जम्मा ८८ थान वितरण

**मेडपा तर्फ**

- उद्यम विकासका लागि सामाजिक परिचालन सहभागितामूलक ग्रामीण लेखाजोखा PRA कार्यक्रम ७० जना
- उद्यमशीलता विकास तालिम ८ दिने २० जना

- ढाका बुनाई तालिम सन्चालनमा रहेको
- स्तरोन्नति सिलाई कटाई तालिम सन्चालनमा रहेको

(ङ) शिक्षा, युवा तथा खेलकूद शाखामा भएको क्रियाकलापहरुको विवरण ।

- विद्यालयहरुको अनुगमन गरी विद्यालयको भौतिक अवस्था, शिक्षकको नियमितता, लेखा व्यवस्थापन, जिन्सी व्यवस्थापन लगायतका पक्षहरुको अनुगमन तथा निरीक्षण गरिएको ।
- राष्ट्रिय योजना आयोगबाट शैक्षिक गुणस्तरका लागि आएको कार्यक्रम कार्यान्वयन गर्नका लागि हरेक विद्यालयहरुको आवश्यकता पहिचान गरि कार्य-योजना निर्माण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिएको ।
- खेलकूद प्रवर्धन तथा विकासका लागि विनियोजन भएको रकमको बाँडफाँड गरी खेलकूदका कार्यक्रमहरु सञ्चालनमा ल्याइएको ।
- नियमानुसार प्रथम, दोश्रो र तेस्रो त्रैमासिक तलब -भत्ता ,दिवाखाजा ,विद्यालय व्यवस्थापन अनुदान लगायतको रकमा निकासा गरिएको ।
- शिक्षकहरुलाई कम्प्युटर सम्बन्धी तालिम सञ्चालन गरिएको ।
- बालविकास केन्द्रलाई सबलिकरण गर्ने प्रयोजनार्थ सबै सामुदायमा आधारित र विद्यालयमा आधारित बालविकास केन्द्रको अनुगमन —सुपरिवेक्षण गरी आवश्यकताको विश्लेषण गरी कार्यक्रम कार्यान्वयनको प्रक्रिया अघि बढाइएको ।
- शिक्षक सेवा आयोगबाट सिफारिस भई आएका प्राथमिक तहका ५ जना शिक्षकहरुलाई पालिकाभित्रका ४ वटा विद्यालयहरुमा पदस्थापन गरिएको ।
- संघीय ससर्त अनुदानबाट प्राप्त ICT कार्यक्रम विद्यालयलाई उपलब्ध गराइएको ।

(च) स्वास्थ्य शाखामा भएको क्रियाकलापहरुको विवरण ।

- आ व २०८०/०८१ को स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ।
- आ व २०८०/०८१ को पोषण कार्यक्रमको समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ।
- विश्व रेबिज दिवस कार्यक्रम सम्पन्न गरिएको छ।
- ४० जना अति बिपन्न, गरिब, सर्वहारा वर्गहरुलाई आकस्मिक स्वास्थ्यसेवा तथा दिर्गरोगहरुको उपचारको लागी आर्थिक सहायता प्रदान गरिएको छ।
- बिपन्न नागरिकहरुलाई उपचार सहुलियत दिदै आएका रोगहरुका बिरामीलाई यातायात खर्च बापत ७ जनालाई-रु ६०,०००। एम्बुलेन्स भाडा प्रदान गरिएको छ।
- ५० नया बिपन्न परिवारलाई निशुल्क स्वास्थ्य बिमा कार्यक्रममा आबद्द गरिएको छ र हालसम्म जम्मा १८४३ बिपन्न परिवारलाई निशुल्क स्वास्थ्य बिमा कार्यक्रममा आबद्द गरिएको छ।
- बिपन्न नागरिकहरुलाई कडा आठ रोगहरुको एकलाख बराबरको सहुलियत उपचारको लागि ८६ जना बिरामिहरुलाई सिफारिस गरिएको छ।

- मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा उपचार सहायता कार्यक्रम अन्तर्गत ७ जना बिरामिहरुलाई उपचारको लागि सिफारिस गरिएको छ।
- ६ महिना देखि ५९ महिना सम्मका बालबालिकाहरुलाई दोस्रो चरणको भिटामिन ए क्याप्सुल तथा जुकाको औषधि वितरण कार्यक्रम सम्पन्न गरिएको छ।
- नियमित खोप सुदृधिकरण,पूर्ण खोप सुनिस्चितता र दिगोपनाको लागि सुक्ष्म योजना अधावधिक सम्बन्धि समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ ।
- सरसफाई प्रर्वदन कार्यक्रमको समिक्षा सम्पन्न गरिएको छ ।
- ३,८६१ जना कक्षा ६ देखि १० सम्मका किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर बिरुद्दको HPV खोप लगाइएको छ ।
- बिधालय स्वास्थ्य तथा पोषण कार्यक्रम संचालन गरिएको छ ।
- स्थानिय तहमा उत्तर प्रसुति घरभेट कार्यक्रमको समिक्षा सम्पन्न गरिएको छ ।
- १३७ जना मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामिहरुलाई औषधि उपचार बापत मासिक ५ हजारको दरले उपचार खर्च उपलब्ध गराईएको छ।
- सुनौला हजार दिनका आमाहरुलाई पोषण सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- महिला स्वास्थ्य स्वयसेविकाहरुलाई नसर्ने तथा मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

(छ) कृषि विकास शाखामा भएको क्रियाकलापहरुको विवरण ।

- ५०% अनुदानमा मौरीलाइ कृत्रिम आहारा (चिनि-३४३१ के.जी. र सातु- ५०२ के.जी) वितरण कार्यक्रम सञ्चालन गरिएको ।
- फुलखेती प्रबर्द्धन (सयपत्री फुलको विउ-२३ प्याकेट, ढुशिनाशक विषादी-३५ प्याकेट, शुक्ष्मखाद्यतत्व-३१ प्याकेट, पि.जि.आर-३० बोतल र प्राङ्गारिक मल-२००० के.जी.) कार्यक्रम सञ्चालन गरिएको ।
- खद्यान्न बालिको उन्नत विउ उपयोगमा अनुदान (धान, गहुँ) (गहुँको विउ वितरण- ९००० के.जी) कार्यक्रम संचालन गरिएको ।
- उन्नत जातको मकैको विउ वितरण कार्यक्रम (५०% अनुदानमा) (सि.पी. ८०८ जातको मकैको विउ वडा नं १,२,४,५,६,९ मा ४२९० के.जी) कार्यक्रम संचालन गरिएको ।
- मकै छोडाउने मेशिन वितरण कार्यक्रम ७५% अनुदान वडा नं. २, ४, ५ र ६ मा- २२ थान वितरण कार्यक्रम संचालन गरिएको ।
- मकै रोप्ने मेशिन वितरण कार्यक्रम ७५% अनुदान वडा नं. २, ५ र ६ मा- ३६ थान वितरण कार्यक्रम संचालन गरिएको ।
- विषादी छर्ने स्प्रेयर वितरण कार्यक्रम ७५% अनुदान वडा नं. २,६ र ७ मा- ४५ थान वितरण कार्यक्रम संचालन गरिएको ।

- चैतेधान प्रबर्द्धन कार्यक्रम (चैतेधान आत्मनिर्भर कार्यक्रम) (चैते धानको विउ हर्दिनाथ १-१४००० के.जी, विषादी (बेबिष्टिन)-२८० प्याकेट, त्रिपाल (१२*१५)-२६५ थान, प्लाष्टिक (ओडाउने)-३४० मिटर र सप्रेयर (टु इन वान)- ९४ थान
- बगर खेती विकास कार्यक्रम (५०% अनुदान) खरबुजाको विउ- ३९७ प्याकेट, मल्चिङ्ग प्लाष्टिक-२४ रोल, स्प्रेयर —३० थान, फेरोमेन ट्र्याप-८०० पिस, प्राङ्गारिक मल-२००० के.जी वितरण कार्यक्रम संचालन गरिएको ।
- तरकारीको विउ वितरण ५०% अनुदान कार्यक्रम वडा नं. १,३, र ५ मा स्वास फर्सी-५५ प्याकेट, काक्रा- १५२ प्याकेट, बोडी-११४ प्याकेट, करेला-९९ प्याकेट, भिण्डी-५८ प्याकेट वितरण कार्यक्रम संचालन गरिएको ।
- मकैको विउ खरिद कार्यक्रम वडा नं. ६ टि एक्स ३६९ मकैको विउ १५२ के.जी वितरण कार्यक्रम संचालन गरिकएको ।
- माटो परिक्षणको लागि रिएजेन्ट तथा कृषि सामाग्री तौल गर्नका लागि डिजिटल तराजु, मोइस्चर मिटर खरिद कार्यकलयको लागि तराजु- ५ थान,, मोइस्चर मिटर-२ थान, र ३०० स्याम्पल माटो परिक्षण कार्यक्रम संचालन गरिएको
- ५०% अनुदानमा मल्चिङ प्लाष्टिक वितरण १७५ रोल वितरण कार्यक्रम संचादन गरिएको
- माटो सुधारको लागि शुक्ष्मखाद्यतत्व ५०% अनुदानमा दानेदार प्राङ्गारिक मल- १९००० के.जी र दानेदार शुक्ष्मखाद्यतत्व- १००० के.जी. वितरण कार्यक्रम संचालन गरिएको ।

(झ) पशुपंक्षी विकास शाखाले गरेको क्रियाकलापहरूको विवरण ।

**१) प्रयोगशाला सेवाः**

गोबर परिक्षण/पिसाब परिक्षण/दुध परिक्षण/रगत परिक्षण समेत प्रगति संख्याः २७२ (लाभान्वित संख्याः२६६ जना/महिला ५५जना, पूरुष २११ जना/ दलित ९जना, जनजाति ३४ जना, अन्य २२९ जना )

**२) पशु स्वास्थ्य प्रबर्धन तथा पशुपन्क्षि उपचार/ माइनर सर्जिकल उपचार सेवाः**

गाइभैसि/बाख्रा/बंगुर/कुखुराहाँस/कुकुर आदि प्राथमिक उपचार तथा परजिबि नियन्त्रण संख्याः ४१,९५५ लाभान्वित संख्याः५८१९जना, (महिलाः१९५१ पूरुषः ३८६८ दलितः ३९८ जनजातिः १७४९ अन्यः ३६७२)

**३) कृत्रिम गर्भाधान नक्ष्ल सुधार कार्यक्रमः**

कृत्रिम गर्भाधान प्रगति संख्याः १६८८ (गाईः १५७५ भैसिः १०८ बाख्राः ५) लाभान्वित संख्याः १६८८ (महिलाः३५६ पूरुषः१३३२ दलितः ४७ जनजातिः२७९ अन्यः १३६२)

**४) रोग निरोधक खोप कार्यक्रमः**

- लम्पि स्किन डिजिज खोपः७००डोज (महिलाः७८ पूरुषः१५१ जम्मा २२९/दलितः१२जनजातिः७१अन्यः१४६)

- खोरेत खोपः ११५००(महिला ९९४ पूरुष १७५१जम्मा २७४५/ दलितः१०३ जनजातिः९७७ अन्यः१६६५)
- रेविज खोपः ९२६ डोज (महिलाः२८६पूरुषः५३३ जम्मा ८१९/दलितः५२ जनजातिः३५१ अन्यः ४१६)
- पि पि आर खोपः १०६०० संचालनमा रहेको
- स्वाइन फिबर खोपः ४४०० संचालनमा रहेको

**५) रेविज सप्ताहा रेबिज दिवसः**

कार्यक्रम प्रगति २७४ खोप लाभान्बित संख्याः२७४(महिलाः ८५ पूरुषः १८९ दलितः १८ जनजातिः १७३ अन्यः ८३)

**६) सामुदायिक कुकुर बन्ध्याकरण शिविर कार्यक्रमः**

सम्पन्नः १७५ कुकुर बन्ध्याकरण

**७) हिउदे घाँस जै बर्षिम बीउ बितरण ७५ प्रतिशत अनुदानः**

जै बिउ बितरण २५०० के.जि. लाभान्वित संख्याः ५०५ जना ( महिलाः १४९ पूरुषः ३५६ दलितः २९ जनजातिः ९१ अन्यः३८५)

**८) बर्षे घाँस टियोसेन्टि/सुडान बीउ बितरण ५० प्रतिशत अनुदानः**

टियोसेन्टि बिउ बितरण २२०० के.जि. लाभान्वित संख्याः ३४१जना (महिलाः ९९ पूरुषः २४२ दलितः ६ जनजातिः ७३ अन्यः २६२ )

**९) शाखाका अन्य नियमित कामहरुः**

समुह दर्ता सुचिकृतः २ गोटा
समुह समिति नबिकरणः १९
व्यवसायिक पशुपन्क्षि फार्म नबिकरणः२७
पशु मृत्यू बिमा दाबि भुक्तानि सिफारिसः ३७ गोटा
प्रगति प्रेषण/इपिडिमियोलोजिकल रिपोर्टिङ्गः ९ पटक
पशु प्राबिधिक दर्ताः१७

(ञ) सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा गरेको क्रियाकलापहरूको विवरण

- आ.व. २०८१/०८२ को सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको वायोमेट्रिक प्रविधि बाट नविकरण तथा नया दर्ता गर्नका लागि राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागले उपलब्ध गराएको 10 वटा डिभाइस प्रत्येक वडा तथा नगरपालिकामा सेटअप गरि संचालनमा ल्याइएको ।
- यस आ.व. मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य ६६६० जना लाभग्राहीहरुको नविकरण बायोमेट्रिक तथा सामान्य विधिबाट श्रावण र भाद्र महिनामा सम्पन्न गरिएको छ ।

- प्रथम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ६८७८ रहेको र वितरण गरिएको जम्मा रकम रु. सात करोड एक लाख अर्सठी हजार एक सय सर्चालिस रुपैया मात्र EFT मार्फत सोझै लाभग्राहीहरुको खातामा दाखिला गरिएको ।
- दोस्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ७०४५ रहेको र वितरण गरिएको जम्मा रकम रु. सात करोड पन्ध्र लाख चौवन्न हजार सात सय त्रिचालिस रुपैया मात्र EFT मार्फत सोझै लाभग्राहीहरुको खातामा दाखिला गरिएको ।
- तेस्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ७१७७ रहेको र वितरण गरिएको जम्मा रकम रु. सात करोड अठ्ठाइस लाख बाइस हजार दुई सय एकत्तर रुपैया मात्र EFT मार्फत सोझै लाभग्राहीहरुको खातामा दाखिला गरिएको ।
- यस आ.व. को चैत्र मसान्त सम्ममा जन्मदर्ता संख्या ७६८, मृत्युदर्ता संख्या ३७७, विवाह दर्ता संख्या ४००, सम्बन्ध विच्छेद संख्या ८२, बसाई सराई आएका दर्ता संख्या ३६३ र बसाई सराई गएका दर्ता संख्या १९३ गरि जम्मा २१८३ वटा घटना दर्ता भएका छन् ।

**सहकारी तथा संघ संस्था तर्फः**

- आ.व. २०८१/०८२ को प्रथम चौमासिक सम्म जम्मा ५ वटा सामाजिक संस्था दर्ता गरिएको छ।
- सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुका लागि सहकारी व्यवसायिक योजना सम्बन्धि ३ दिने तालिम कार्यक्रम सम्पन्न गरिएको।
- सहकारी संस्थाहरुको अनुगमन कार्य संचालन भइरहेको छ ।

**ट) न्यायिक समितितर्फः**

१. **जग्गा खिचोला/ किचोला** सम्बन्धी विवाद १८(अठार) दर्ता भई ४ (चार) वटा विवाद समाधान भएको, १४(चौध वटा विवाद प्रक्रियामा रहेको,
२. **आर्थिक लेनदेनको** विवाद १३(तेह्र) दर्ता भई ४ (चार) वटा विवाद समाधान भएको, ९(नौ वटा विवाद प्रक्रियामा रहेको,
३. **पारिवारिक विवाद** ३ वटा दर्ता भई २ (दुइ) विवाद मिलापत्र भएको र १(एक) विवाद प्रक्रियामा रहेको,
४. **ज्याला मजदुरी** सम्बन्धी विवाद १(एक) वटा दर्ता भई १(एक) विवाद मिलापत्र भएको,
५. **ज्येष्ठ नागरिक** सम्बन्धी विवाद १(एक) दर्ता भई १ मिलापत्र भइसकेको,
६. **कुखुराको खोर** सम्बन्धी विवाद १(एक) दर्ता भई १ (एक) मिलापत्र भएको
७. **गाली वेइज्जती** सम्बन्धी विवाद १ (एक) दर्ता भई १(एक) वटा विवाद मिलापत्र भइसकेको,
८. **घरभाँडा** सम्बन्धी विवाद २(दुइ) दर्ता भई २ दुइ मिलापत्र भएको

९. **फैसला कार्यान्वयन** सम्बन्धी विवाद २ (दुइ) दर्ता भई १(एक) मिलापत्र र १(एक) विवाद प्रक्रियामा रहेको,

१०. **श्रीमान श्रीमतीको झगडा** सम्बन्धि विवाद ३(तिन) वटा दर्ता भइ २ मिलापत्र भएको र १ प्रक्रियामा रहेको

११.**साँध सिमानामा बोटविरुवा लगाएको** सम्बन्धि विवाद २ (दुइ) दर्ता भइ १ विवाद समाधान भएको र १ विवाद प्रकृयामा रहेको

१२. **बाटो सम्बन्धि** विवाद १ दर्ता भइ प्रकृयामा रहेको

दर्ता भएका जम्मा बिवाद संख्या : ४८ वटा

समाधान भएको विवादको संख्या : २० वटा

प्रक्रियामा रहेका विवाद : २८ वटा

**(ख) सम्पन्न भएका कार्यक्रमहरु**

- द्वन्द व्यवस्थापन सम्बन्धि अभिमुखिकरण तालिम (३ दिन)
- वडास्तरीय कानूनी साक्षरता कार्यक्रम (३ दिन)
- न्यायीक समितिका पदाधिकारी तथा मेलमिलापकर्तालाई सिकाइ अवलोकन भ्रमण कार्यक्रम (३ दिन)
- हालसम्म उर्लाबारी नगरपालिकामा आधारभूत मेलमिलापकर्ताको तालीम प्राप्त गरी सूचीकृत भएका मेलमिलापकर्ताको सङ्ख्याः ९६ जना

यस अवधिमा नगर न्यायिक समितिको बैठक ३६ पटक बसिएको छ ।

(ठ) प्रधानमन्त्री रोजगार कार्यक्रमले गरेको क्रियाकलापहरूको विवरण

- ३२ वटा श्रममुलक योजना संख्या मध्ये २२ वटा आयोजना सम्झौता भएको जस मध्ये ७ वटा योजना भुक्तानि भएको र १३५ जना सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रदान गरिएको।
- श्रम स्विकृति तथा पुनः श्रम स्विकृतिका निम्ति सहजिकरण गरि हाल २८० जना व्यक्तिलाई पुनःश्रम स्विकृति पत्र दिइएको ।
- वैदेशिक रोजगारीमा गएको व्यक्तिको परिवारलाई वैदेशिक रोजगार बोर्डवाट मृत्युको क्षतिपुर्ति रकम ४ जना व्यक्तिलाई र पारिवारिक स्वास्थ्य उपचारको लागि सहजिकरण गरि ११ जना व्याक्तिलाई आर्थिक सहयोग दिलाउन फारम अगाडी बडाइएको र साथै २० जना बालबालिकालाई छात्रवृत्ति दिलाउन सहजिकरण गरिएको।
- कार्यस्थलमा आधारित ५० दिन सिपमुलक तालिम(डकर्मी तालिम) सञ्चालन भइ ३२ दिन पुरा भएको।
- रोजगारीमा खटिनुपुर्व श्रमिकसङ अभिमुखिकरण कार्यक्रम ९ वटा वडामा सम्पन्न भएको।
- रोगरार संवाद मञ्चको बैठक बसि सरोकारवाला निकाय र रोजगार प्रदायक संस्थासंग छलफल गरी कार्यक्रम सम्पन्न भएको ।

- रोजगार रणनीतिको अध्यावधिक गर्ने काम प्रक्रियामा रहेको ।
- सीपमुलक तालिम (इलेक्ट्रियसियन, पल्म्बर र हाउस पेन्टिङ्ग)को सुचना निकाली तालिममा जोड्न सहजिकरण गरिएको।

## (१२) सूचना अधिकारी र प्रमुखको नाम र पद :

कार्यालय प्रमुख, प्रमुख प्रशासकीय अधिकृत : श्री अभय कुमार गुप्ता
सूचना अधिकारी : ई. रोशन ठाकुर

## (१३) ऐन, नियम, निर्देशिका र कार्यविधिको सूची

उर्लाबारी नगरपालिकाको कार्यपालिका र सभाद्वारा पारित ऐन, नियमहरू :

**क. ऐन - ३८ वटा**
**ख. आचारसंहिता - ३ वटा**
**ग. निर्देशिका - १४ वटा**
**घ. कार्यविधि - ६६ वटा**
**ङ. नियमावली - १० वटा**
**च. नीति - १ वटा**
**छ. मापदण्ड - १ वटा**

## (१४) आर्थिक विवरण :

आर्थिक प्रशासन शाखाबाट उपलब्ध भएको आ.व. २०८०/०८१ साउन देखि चैत्र मसान्तसम्मका महिनासम्म आय-व्ययको विवरण :

**उर्लाबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, मोरङ**
**कार्यालयको कोड : ८०११३४०१३००**

**आय व्ययको बिबरण**

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/१२/३१

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ६६,६९,२६,५००.०० | ४२,४०,७५,१७०.०० | ६३.५९ | २४,२८,५१,३३०.०० |
| १३३११ समानिकरण अनुदान | १६,२१,००,०००.०० | ११,५२,२०,६८०.०० | ७१.०८ | ४,६८,७९,३२०.०० |
| १३३१२ शसर्त अनुदान चालु | २५,८७,२६,५००.०० | १६,५८,१२,२५०.०० | ६४.०९ | ९,२९,१४,२५०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २०,११,००,०००.०० | १३,२५,४२,२४०.०० | ६५.९१ | ६,८५,५७,७६०.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ३,००,००,०००.०० | ७५,००,०००.०० | २५ | २,२५,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,५०,००,०००.०० | ३०,००,०००.०० | २० | १,२०,००,०००.०० |
| प्रदेश सरकार | ४,०७,५६,०००.०० | २,५३,१४,०८०.०० | ६२.११ | १,५४,४१,९२०.०० |
| १३३११ समानिकरण अनुदान | १,०३,१८,०००.०० | ५१,५९,०००.०० | ५० | ५१,५९,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ३०,३८,०००.०० | २०,७१,०८०.०० | ६८.१७ | ९,६६,९२०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,४४,००,०००.०० | ९५,०४,०००.०० | ६६ | ४८,९६,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,३०,००,०००.०० | ८५,८०,०००.०० | ६६ | ४४,२०,०००.०० |
| राजस्व बाडफाड | १८,१६,४५,०००.०० | १०,४५,१७,८९१.५४ | ५७.५४ | ७,७१,२७,१०८.४६ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | २,५०,००,०००.०० | २,४१,७२,५३७.०० | ९६.६९ | ८,२७,४६३.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८,६४,०४,६८६.०० | ५,००,४७,५०५.१६ | ५७.९२ | ३,६३,५७,१८०.८४ |
| ११४२१ बाँडफाँड भर्इ प्राप्त हुने अन्त:शुल्क | ३,१३,९५,३१४.०० | २,२४,०६,३३९.७३ | ७१.३७ | ८९,८८,९७४.२७ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ९७,७५,०००.०० | ७२,७६,५२२.०५ | ७४.४४ | २४,९८,४७७.९५ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ३,७०,०००.०० | ०.०० | ० | ३,७०,०००.०० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ३७,००,०००.०० | ६,१४,९८७.६० | १६.६२ | ३०,८५,०१२.४० |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ५१,९१,७९,४४३.०० | २७,७३,५१,८५३.०९ | ५३.४२ | २४,१८,२७,५८९.९१ |
| २११११ पारिश्रमिक कर्मचारी | २०,२१,६१,०००.०० | १३,६१,३४,१४६.१४ | ६७.३४ | ६,६०,२६,८५३.८६ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ४,००,००,०००.०० | २,८३,४४,७४८.५२ | ७०.८६ | १,१६,५५,२५१.४८ |
| २११२१ पोशाक | २०,६२,०००.०० | १७,६०,०००.०० | ८५.३५ | ३,०२,०००.०० |
| २११२३ औषधीउपचार खर्च | १,५५,०००.०० | ०.०० | ० | १,५५,०००.०० |
| २११३२ महंगी भत्ता | ३५,८४,०००.०० | १३,१८,०००.०० | ३६.७७ | २२,६६,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | १७,८०,०००.०० | ४,८९,३००.०० | २७.४९ | १२,९०,७००.०० |
| २११३९ अन्य भत्ता | ६८,३५,०००.०० | ३५,४८,४००.०० | ५१.९२ | ३२,८६,६००.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | १०,००,०००.०० | ४,८७,९००.०० | ४८.७९ | ५,१२,१००.०० |
| २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | ४,००,०००.०० | २,६४,८३२.८० | ६६.२ | १,३५,१६७.२० |
| २१२१४ कर्मचारी कल्याण कोष | २०,००,०००.०० | ०.०० | ० | २०,००,०००.०० |
| २२१११ पानी तथा बिजुली | ५७,००,०००.०० | ३०,९५,६७२.६१ | ५४.३१ | २६,०४,३२७.३९ |
| २२११२ संचार महसुल | १४,८०,०००.०० | ९,०१,७२६.०० | ६०.९३ | ५,७८,२७४.०० |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| २२२११ इन्धन (पदाधिकारी) | १८,६०,०००.०० | ७,४६,६८६.६३ | ४०.१४ | ११,१३,३१३.३७ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १९,७०,०००.०० | १८,१९,०६९.०० | ९२.३४ | १,५०,९३१.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ४४,७४,४८६.०० | २५,५४,६१५.०० | ५७.०९ | १९,१९,८७१.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १०,०८,०००.०० | ९,२६,८१५.४७ | ९१.९५ | ८१,१८४.५३ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २३,६८,३१०.०० | ११,८३,५८०.०० | ४९.९८ | ११,८४,७३०.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १०,००,०००.०० | १,६५,९४४.०० | १६.५९ | ८,३४,०५६.०० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ६,००,०००.०० | ५,०८,३२०.०० | ८४.७२ | ९१,६८०.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ७०,५०,०००.०० | १९,४६,६६१.०० | २७.६१ | ५१,०३,३३९.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ५०,०००.०० | ४२,३६०.०० | ८४.७२ | ७,६४०.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १,५०,०००.०० | ७८,२१०.०० | ५२.१४ | ७१,७९०.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५१,१८,२९६.०० | ३२,२१,७२३.०० | ६२.९५ | १८,९६,५७३.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १५,७०,०००.०० | ७,२९,७०१.०० | ४६.४८ | ८,४०,२९९.०० |
| २२४११ सेवा र परामर्श खर्च | १०,००,०००.०० | ५,७८,८७०.०० | ५७.८९ | ४,२१,१३०.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ७,५०,०००.०० | ०.०० | ० | ७,५०,०००.०० |

**उर्लाबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, मोरङ**
**कार्यालयको कोड : ८०११३४०१३००**

**आय व्ययको बिबरण**

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/१२/३१

**आय**

| | | | | |
|---|---|---|---|---|
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २,५०,००,०००.०० | ०.०० | ० | २,५०,००,०००.०० |
| अन्तरिक श्रोत | २०,७५,५८,०९६.०० | १५,६२,०७,५०७.६८ | ७५.२६ | ५,१३,५०,५८८.३२ |
| ११३१३ सम्पती कर | ६५,००,०००.०० | ५९,७७,२५२.६० | ९१.९६ | ५,२२,७४७.४० |
| ११३१४ भुमिकर/ मालपोत | १,०६,७०,०००.०० | ५५,०४,४७९.६६ | ५१.५९ | ५१,६५,५२०.३४ |
| ११३१७ वहाल कर | १,००,००,०००.०० | ४४,८२,०८१.४० | ४४.८२ | ५५,१७,९१८.६० |
| ११३१८ वहाल विटौरी कर | २०,००,०००.०० | २२,४६,२४१.७३ | ११२.३१ | (२,४६,२४१.७३) |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १,००,०००.०० | ३,०२,२२७.०० | ३०२.२३ | (२,०२,२२७.००) |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २५,००,०००.०० | ०.०० | ० | २५,००,०००.०० |
| ११४७९ अन्य मनोरञ्जन कर | १,३०,०००.०० | २७,०००.०० | २०.७७ | १,०३,०००.०० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| ११६९१ अन्य कर | ५,००,०००.०० | ८,५८,९००.०० | १७१.७८ | (३,५८,९००.००) |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | ०.०० | ८०,००,०००.०० | ८००००००० | (८०,००,०००.००) |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ७,००,०००.०० | १,६२,३२०.०० | २३.१९ | ५,३७,६८०.०० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ३,५०,०००.०० | ०.०० | ० | ३,५०,०००.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ४,००,०००.०० | ७०,६८३.०० | १७.६७ | ३,२९,३१७.०० |
| १४२२१ न्यायिक दस्तूर | २५,०००.०० | ६,७००.०० | २६.८ | १८,३००.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२४१३ करार सेवा शुल्क | २,५९,००,०००.०० | १,७४,८१,१४३.५० | ६७.४८ | ८४,१८,८५६.५० |
| २२४१४ सरसफाईसेवा शुल्क | ५१,२०,०००.०० | २७,६९,१०९.०० | ५४.०८ | २३,५०,८९१.०० |
| २२४१९ अन्य सेवा शुल्क | ४५,२०,०००.०० | २५,२०,२५९.०० | ५५.७६ | १९,९९,७४१.०० |
| २२५११ कर्मचारी तालिम खर्च | २०,३७,७०६.०० | ७,८०,२१०.०० | ३८.२९ | १२,५७,४९६.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ६८,३८,९७६.०० | ७,६५,५५०.०० | ११.१९ | ६०,७३,४२६.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | १,२५,०००.०० | २२,२००.०० | १७.७६ | १,०२,८००.०० |
| २२५२२ कार्यक्रम खर्च | १६,३८,५१,६७७.०० | ५,७१,५०,९७५.४२ | ३४.८८ | १०,६७,००,७०१.५८ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३९,४०,९९२.०० | २४,४१,२०४.०० | ६१.९४ | १४,९९,७८८.०० |
| २२६१२ भ्रमण खर्च | ३,००,०००.०० | ९९,४००.०० | ३३.१३ | २,००,६००.०० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २,५०,०००.०० | १,३६,६५५.०० | ५४.६६ | १,१३,३४५.०० |
| २२७११ विविध खर्च | ३८,४४,०००.०० | १६,९१,५८०.०० | ४४.०१ | २१,५२,४२०.०० |
| २२७२१ सभा सञ्चालन खर्च | १०,००,०००.०० | २,८८,०००.०० | २८.८ | ७,१२,०००.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |
| २५३१५ अन्य सस्था सहायता | २,७०,०००.०० | २६,१००.०० | ९.६७ | २,४३,९००.०० |
| २६४११ सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान | ०.०० | ०.०० | ० | ०.०० |
| २७२११ छात्रवृत्ति | २३,२१,०००.०० | ०.०० | ० | २३,२१,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | १६,३४,०००.०० | १,००,०००.०० | ६.१२ | १५,३४,०००.०० |
| २८१४२ घरभाडा | ३,००,०००.०० | १,३८,९१०.०० | ४६.३ | १,६१,०९०.०० |
| २८१४९ अन्य भाडा | १,५०,०००.०० | ७१,०७६.०० | ४७.३८ | ७८,९२४.०० |
| २८२१९ अन्य फिर्ता | ५०,०००.०० | २२,२००.०० | ४४.४ | २७,८००.०० |
| पूंजीगत | ५९,६७,०६,१५३.०० | १८,८९,१७,८५५.४८ | ३१.६६ | ४०,७७,८८,२९७.५२ |
| ३१११११ आवासीय भवन निर्माण/खरिद | ६८,००,०००.०० | ४८,३१,६७४.०० | ७१.०५ | १९,६८,३२६.०० |
| ३११११२ गैर आवासीय भवन निर्माण/खरिद | ५,२९,७७,६६५.०० | १,२९,७३,३६७.०० | २४.४९ | ४,००,०४,२९८.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ९५,३६,२०९.०० | ६,८२,५००.०० | ७.१६ | ८८,५३,७०९.०० |
| ३१११४ जग्गा विकास कार्य | ३५,००,०००.०० | ०.०० | ० | ३५,००,०००.०० |
| ३११२१ सवारी साधन | ६,००,०००.०० | ६,००,०००.०० | १०० | ०.०० |
| ३११२२ मेशिनरी तथा औजार | ८७,७१,०००.०० | २७,६०,६१६.०० | ३१.४७ | ६०,१०,३८४.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १४,००,०००.०० | १,८८,९५६.०० | १३.५ | १२,११,०४४.०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | १,५१,६३,१५५.०० | ५०,१२,०९३.०० | ३३.०४ | १,०१,५१,०६२.०० |
| ३११५१ सडक तथा पूल निर्माण | ३६,८२,९०,३५०.५८ | १४,८५,५०,१२९.०० | ४०.३४ | २१,९७,४०,२२१.५८ |

## उर्लाबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय, मोरङ
**कार्यालयको कोड : ८०११३४०१३००**

**आय व्ययको बिवरण**

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/१२/३१

| आय | | | | |
|---|---|---|---|---|
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ७,५०,०००.०० | ८,०२,७७१.०० | १०७.०४ | (५२,७७१.००) |
| १४२४२ नक्सापास दस्तुर | १,००,००,०००.०० | ४०,३७,१२०.७१ | ४०.३६ | ५९,६२,८७९.२९ |
| १४२४३ सिफारिश दस्तुर | ९०,००,०००.०० | ८३,०४,३२२.०० | ९२.२७ | ६,९५,६७८.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ६,००,०००.०० | ५,२२,८९८.०० | ८७.१५ | ७७,१०२.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ४,५०,०००.०० | २,३१,६००.०० | ५१.४७ | २,१८,४००.०० |
| १४२४९ अन्य दस्तुर | ६०,००,०००.०० | ६०,०४,४१८.०० | १००.०७ | (४,४१८.००) |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०,००,०००.०० | ५,१२,८६०.०० | ५१.२९ | ४,८७,१४०.०० |
| १४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर | २०,०००.०० | ०.०० | ० | २०,०००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | १५,०००.०० | १,५०,०००.०० | १००० | (१,३५,०००.००) |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ३,००,०००.०० | १,१५,४००.०० | ३८.४७ | १,८४,६००.०० |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | २,५०,०००.०० | ३,०१,४३९.०० | १२०.५८ | (५१,४३९.००) |
| १४५२९ अन्य राजस्व | १८,०००.०० | ९,०००.०० | ५० | ९,०००.०० |
| १४६११ व्यवसाय कर | १,००,००,०००.०० | ६१,००,५००.०० | ६१.०१ | ३८,९९,५००.०० |
| १५१११ बेरूजू | १,००,०००.०० | ४२,६७,३१४.७७ | ४२६७.३१ | (४१,६७,३१४.७७) |
| ३२१२१ नगद | ८०,००,०००.०० | ०.०० | ० | ८०,००,०००.०० |
| ३२१२२ बैंक मौज्दात | १२,५३,८०,०९६.०० | ९,७२,०९,९७८.८१ | ७७.५३ | २,८१,७०,११७.१९ |
| जनसहभागिता | १,९०,००,०००.०० | ३७,८८,७९९.९९ | १९.९४ | १,५२,११,२००.०१ |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | १,९०,००,०००.०० | ३७,८८,७९९.९९ | १९.९४ | १,५२,११,२००.०१ |
| जम्मा | १,११,५८,८५,५९६.०० | ७१,३९,०३,४४९.२१ | ६३.९७ | ४०,१९,८२,१४६.७९ |

| व्यय | | | | |
|---|---|---|---|---|
| ३११५३ विद्युत संरचना निर्माण | १८,००,०००.०० | १४,५०,११९.४८ | ८०.५६ | ३,४९,८८०.५२ |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १,०७,८५,०१८.०० | ०.०० | ० | १,०७,८५,०१८.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ३२,९०,०००.०० | ६८,२३६.०० | २.०६ | ३२,२१,७६४.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | १२,००,०००.०० | ०.०० | ० | १२,००,०००.०० |
| ३११५७ वन तथा वातावरण संरक्षण | ८७,९०,४०४.१० | ४,६१,०९९.०० | ५.२५ | ८३,२९,३०५.१० |
| ३११५८ सरसफाई संरचना निर्माण | २,७४,६६८.०० | ०.०० | ० | २,७४,६६८.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ७,४८,८७,५८५.३२ | १,१३,३९,०६६.०० | १५.१४ | ६,३५,४८,५१९.३२ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ८,४०,०९८.०० | ०.०० | ० | ८,४०,०९८.०० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ३१५११ भैपरी आउने पूँजीगत | २,७०,००,०००.०० | ०.०० | ० | २,७०,००,०००.०० |
| जम्मा | १,११,५८,८५,५९६.०० | ४६,६२,६९,७०८.५७ | ४१.७८ | ६४,९६,१५,८८७.४३ |

**(१५) अघिल्लो आ.व. मा सञ्चालित कार्यक्रमहरू :**

अघिल्लो आ.व. मा सञ्चालित कार्यक्रमहरू नगरपालिकाको वेभसाईट www.urlabarimun.gov.np मा हेर्न सकिनेछ ।

**(१६) सार्वजनिक निकायको वेभसाईट :**

यस नगरपालिका कार्यालयको वेभसाईट www.urlabarimun.gov.np रहेको छ ।

**(१७) बजेट तथा कार्यक्रम :**

यस आ.व. को बजेट तथा कार्यक्रम नगरपालिकाको वेभसाईट www.urlabarimun.gov.np मा हेर्न सकिनेछ ।

**(१८) यस कार्यालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली** :सबै सूचना खुल्ला रहेको छ ।

**(१९) सम्पर्क ठेगाना :**

उर्लाबारी नगरपालिका्

नगर कार्यपालिकाको कार्यालय

उर्लाबारी–४, आईतबारे

१ नं. प्रदेश, नेपाल

सम्पर्क नं. ०२१–५४०४५९

दमकल सेवा : ०२१–५४०००० , ९८५२०४२४५९

टोल फ्रि नं. : १६६०२१४२०००

सूचना अधिकारी : ९८५२०४२००२

ईमेल : urlabarinagarpalika@gmail.com

वेभसाईट : urlabarimun.gov.np

अडियो नोटिस बोर्ड : १६१८०२१५४०००३